**मिति: २०८३ असार १६**

**श्री राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) महाधिवेशन निर्वाचन आयोग**

## विषयः गण्डकी भूगोलबाट निर्वाचित केन्द्रीय सदस्यको नामावलीबाट मेरो नाम हटाइएको सम्बन्धमा स्पष्ट जबाफ दिइ तत्काल सच्याई पाऊँ।

म, सोम शर्मा, राष्ट्रिय स्वतन्त्र पार्टीको महाधिवेशनअन्तर्गत गण्डकी भूगोलबाट केन्द्रीय सदस्य पदमा ९९३ मत प्राप्त गरी विधिवत् निर्वाचित उम्मेदवार हुँ। निर्वाचन प्रक्रियामा विभिन्न प्रश्न र विवादहरू उठेका भए तापनि पार्टीको हितलाई सर्वोपरि ठानी मैले घोषित निर्वाचन परिणामलाई स्वीकार गरी संयमित ढंगले अगाडि बढेको थिएँ।

निर्वाचन परिणाम घोषणा हुँदा नै मेरो मतगणनामा त्रुटि गरी कैफियतमा मेरो नाम उल्लेख नगरिएको घटनाले गम्भीर आशंका उत्पन्न गरेको थियो। तत्पश्चात निर्वाचन समितिले उक्त त्रुटि स्वीकार गर्दै क्षमायाचना गरी सच्याइएको नामावली पुनः प्रकाशन गरेको तथ्य सबैमा विदितै छ।

तर आज कुनै पूर्वसूचना, स्पष्टीकरण, सुनुवाइको अवसर वा सम्बन्धित व्यक्तिलाई जानकारीसमेत नदिई एकतर्फी रूपमा मेरो नाम केन्द्रीय सदस्यको नामावलीबाट हटाइएको जानकारी सञ्चारमाध्यममार्फत प्राप्त भएको छ। प्राकृतिक न्यायको सिद्धान्तअनुसार कुनै पनि व्यक्तिको वैधानिक अधिकारमाथि प्रतिकूल असर पर्ने निर्णय गर्नु अघि सम्बन्धित पक्षलाई जानकारी दिने र आफ्नो कुरा राख्ने अवसर प्रदान गर्नुपर्ने हुन्छ। त्यसको पूर्णतः उल्लङ्घन गर्दै गरिएको यो निर्णय अन्यायपूर्ण, अपारदर्शी र विधिसम्मत देखिँदैन।

रास्वपाको बिधान अनुरुप हेर्दा विधानको दफा २२ को उपदफा (४) अनुसार प्रत्येक प्रदेशबाट ५ जनाका दरले प्रत्यक्ष निर्वाचित हुने व्यवस्था रहेको छ। उक्त व्यवस्थाअनुसार गण्डकी प्रदेशबाट प्राप्त मत परिणाम निम्नानुसार रहेको छः

१. पवित्रा थापा – १०७६ मत
२. मनीष खनाल – १०५२ मत
३. सागर भुसाल – १०४० मत
४. सोम शर्मा – ९९३ मत
५. पूजा बास्तोला – ९१३ मत
६. विष्णुकुमारी गुरुङ – ८०० मत

यस मत परिणामका आधारमा म, सोम शर्मा, गण्डकी प्रदेशबाट चौथो उच्च मत प्राप्त गर्ने उम्मेदवार हुँ र निर्वाचन समितिले मलाई निर्वाचित घोषणा समेत गरिसकेको थियो।

विधानको दफा २२(४)(क) मा महिला समावेशिताको व्यवस्था गर्दै प्राकृतिक प्रतिस्पर्धाबाट सम्बन्धित प्रदेशमा सबैभन्दा बढी मत ल्याउने महिला उम्मेदवारलाई प्राथमिकता दिई आवश्यक परे कम मत ल्याउने पुरुष उम्मेदवारलाई विस्थापित गर्ने व्यवस्था गरिएको छ। **गण्डकी प्रदेशको हकमा भने महिला प्रतिनिधित्व पहिलो पाँचभित्रै स्वतः सुनिश्चित भइसकेको अवस्था छ, त्यसैले उक्त व्यवस्था प्रयोग गर्नुपर्ने अवस्था नै उत्पन्न हुँदैन।**

त्यसैगरी, दफा २२(४)(ख) अन्तर्गतको क्लस्टर प्रतिनिधित्वको व्यवस्था पनि समान सिद्धान्तमा आधारित देखिन्छ। अर्थात्, यदि कुनै क्लस्टरको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने अवस्था सिर्जना भएमा, प्रत्यक्ष प्रतिस्पर्धाबाट निर्वाचित पाँच जनामध्ये सबैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई मात्र विस्थापित गरी सम्बन्धित क्लस्टरबाट बढी मत प्राप्त उम्मेदवारलाई समावेश गर्नुपर्ने हुन्छ।

त्यस्तो अवस्थामा चौथो उच्च मत प्राप्त उम्मेदवारलाई हटाई पाँचौं स्थानभन्दा माथिको मत परिणामलाई नै उल्ट्याउने गरी गरिएको परिमार्जित निर्णय विधानको मर्म, बिधाइकी मनसाय तथा दफा २२(४) को व्यवस्था तथा निर्वाचनको आधारभूत सिद्धान्तसँग मेल खाँदैन। त्यसैले मलाई निर्वाचित सूचीबाट हटाई गरिएको संशोधित भनिएको  निर्णय वैधानिक, न्यायसंगत र विधिसम्मत देखिँदैन। यसर्थ यो निर्णय बैधानिक ठहर्दैन ।

अतः विधान तथा घोषित मत परिणामको आधारमा मलाई गण्डकी प्रदेशबाट निर्वाचित केन्द्रीय सदस्यको रूपमा कायम गरियोस् ।

यो निर्णयले केवल ममाथि मात्र अन्याय गरेको छैन, मलाई विश्वास गरी मतदान गर्ने ९९३ जना प्रतिनिधिको जनादेशको समेत अवमूल्यन र अपमान गरेको छ। पार्टी निर्माणका लागि मैले गरेको अथक मेहनत, संघर्ष र योगदानलाई यसरी अवमूल्यन गर्ने कार्यले पार्टीभित्रको लोकतान्त्रिक मूल्य, विधि र संस्थागत विश्वसनीयतामाथि नै गम्भीर प्रश्न खडा गरेको छ।

अतः ममाथि भएको अन्यायलाई तत्काल सच्याई मेरो वैधानिक निर्वाचित हैसियत यथावत् कायम गर्न, निर्णयको कानुनी र तथ्यगत आधार सार्वजनिक गर्न तथा यस सम्बन्धमा आवश्यक स्पष्टीकरण उपलब्ध गराउन सम्बन्धित निकायसमक्ष जोडदार माग गर्दछु।

**अन्यथा, आफ्नो संवैधानिक, राजनीतिक तथा कानुनी अधिकारको संरक्षणका लागि उपलब्ध सम्पूर्ण कानुनी उपचार र न्यायिक प्रक्रियाको अवलम्बन गर्न म बाध्य हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराउँदछु। त्यसबाट उत्पन्न हुने सम्पूर्ण राजनीतिक, नैतिक र कानुनी जिम्मेवारी सम्बन्धित निकाय स्वयंले वहन गर्नुपर्नेछ।**

**निवेदक,**

**सोम शर्मा**
गण्डकी भूगोलबाट निर्वाचित केन्द्रीय सदस्य
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)

**बोधार्थः**

- राष्ट्रिय स्वतन्त्र पार्टी केन्द्रीय कार्यसमिति
- रास्वपा सभापती